सम्प्रदायहरू छन् । कति विचारधाराहरू छन् । ती सबैमा अनेकान्तमूलक दृष्टि राखेर सबैमा समानताको भाव जगाएर मात्रै मानिस समाजमा समन्वय स्थापित गरेर बाँच्न सक्छ । व्यक्ति, समाज, विश्वमा यो अहिले प्रयोगको रूपमा व्यवहारको रूपमा स्थापित भएर गएको स्थिति छ । यो जाति नकार्ने विचारधारा हाम्रो समाजमा रहेका उँच-नीच, तल्लो-उपल्लो जात भन्ने भावलाई तिरोहित गर्न सक्छ र समाजमा सबैलाई आदर भाव मिल्न सक्छ । तिमी आफैं आफ्नो सुख-दुःखको कर्ता हौं । जैन धर्मले आफू नै आफ्नो कर्ता भन्यो । प्रत्येक प्राणी आफ्नो सृष्टिको कर्ता हो । तात्विक दृटिबाट प्रत्येक प्राणीमा ईश्वर भाव रहेको छ । जो मुक्तिको समयमा प्रकट हुन्छ, मुक्तिको साधना पनि आफ्नै प्रयासबाट, श्रमबाट, साधनाबाट हुन्छ भन्ने भाव जैनधर्मले सिकाउँछ । यसरी पराङ्मुखी, आफूलाई किंकर्तव्यविमूढ हुनबाट जोगाउँछ- यस धारणाले ।

## नैतिकता र जैन धर्म

बौद्धिक स्तरमा विचारको जगत्मा अनेकान्तको भाव प्रतिष्ठित भएपछि मानिसको नैतिक र लौकिक व्यवहारमा एउटा महत्वपूर्ण परिवर्तन अवश्यंभावी छ । विचारमा सात्विक हुनु हो- अनेकान्तमय विचार हुनु । मौलिक विचारबाट नै नैतिकता प्रतिष्ठित हुन्छ । एकांगी विचार राग-द्वेषबाट प्रेरित भएको हुन्छ । जसैजसै राग-द्वेष क्षीण हुन्छ, तसै-तसै अनेकान्त दृष्टि विकसित हुन्छ । राग-द्वेष क्षीण भएपछि राग-द्वेषका भावहरू कमजोर भएपछि सकारात्मक सोच आउँछ । सकारात्मक सोचबाट व्यक्तिमा सम्यक्दृष्टि पलाउँछ । सम्यक् दृष्टिकोणबाट व्यक्तिको ज्ञान पनि सम्यक् हुन्छ, सही हुन्छ । सही सोच, सही आस्था र सही ज्ञानले सही आचरण दिन्छ । यसरी व्यक्ति आध्यात्मिक बन्छ । आध्यात्मिक हुनु जैन धर्ममा सुधारिनु हो । पूजा-आजा, देव दर्शन, दानपुण्य गरेर पनि आध्यात्मिक नहुन पनि सकिन्छ । सकारात्मक सोचबाट अभिप्रेरित भएमात्रै धार्मिक हुन सकिन्छ । नत्र जीवन व्यवहार भिन्न र धर्म स्थानहरूमा, देवालयमा भिन्न प्रकारको हुनेछ । त घरमा भिन्न एक्लैमा भिन्न समाजमा भिन्न ।

## सर्वोदय र जैनधर्म

धर्म तीर्थ हो । जैन धर्ममा ४ तीर्थ भनिएका छन् । साधु-साध्वी, श्रावक श्राविका र पुण्यात्माहरूसँग जोडिएका स्थानहरू तीर्थस्थल भनिन्छन् । मान्छेको स्वभाव समन्वयीशील छ । देश, काल, परिस्थिति आदि भेदका कारण भेद देखिन्छ । साधारण मानिस त यी भेदहरूबाट नै आफ्नो धारणा बनाउँछ । तब भेदहरूमा राग-द्वेषबाट मुक्त भएर पूर्व धारणाहरूलाई संस्कारहरूलाई पनि थाँती राखेर मध्यस्थ भावले विचार गरेर सबैका धारणाबाट सर्वोदयको बिन्दु पहिल्याउनु जैन धर्मको शिक्षा हो । यो पनि हुनसक्छ । मानिसमा नटस्थताको विकास नभएको होस् । यस स्थितिमा सत्यको जिज्ञासा लिनुपर्छ । विरोधीहरूप्रति पनि आदर भाव राखिएमा सत्यांशका कुरा ग्रहण गर्न सकिन्छ । सत्यांशहरूको समूहबाट सत्य पूरा हुन्छ । यस्ता गहकिला कुरा जैन धर्मको शिक्षामा अनेकान्तको शिक्षामा दिइएका छन् । आजको युग समन्वयबाट सर्वोदय गर्ने युग हो । सबैलाई मिलाएर लैजाने युग हो । सर्वभावका धारणाहरू उठेर विश्व सरकारको विचार आएको छ । संयुक्त राष्ट्रसंघ स्थापना पनि यसको एउटा रूप हो । जैन धर्म मोक्षप्रधान धर्म हो । अनन्तकालसम्म पनि तप, जप, साधना गरेर सदैव दासत्वमा बसिरहन जैन आस्थालाई मान्य छैन । आत्मा अभौतिक छ र यो सर्व रूपबाट राग द्वेषबाट मुक्त भइसकेपछि आत्मा नै परमात्मा बन्छ, नर नै नारायण बन्छ भनिएको छ- जैन धर्ममा ।

## आधुनिक युग, परिग्रह र जैन धर्म

परिग्रह बन्धन हो । बन्धनको हेतु हो- मानव । चक्रवर्ती राजा भएर पनि सज्जागृहमा भरतले सर्वज्ञत्पव पाए । नचिकेतालाई यमराजले अनेकन लोभजन्य पदार्थका आकर्षले तान्न सकेनन्, उनमा ममत्व जगाउन सकेनन् । आफ्नो भएकोलाई सुरक्षण, नभएकोलाई पाउने निरन्तर प्रयास रहन्छ । आफू आफ्नो समाज, आफ्नो देशको सुख-सुविधाका लागि गृद्ध भएका छन् । घोर राष्ट्रवादले फाँसीवाद जन्मायो । अहिले यी कुराहरू परस्पर सोचित थालिएका छन् ।

व्यावहारिक जीवनमा अपरिग्रहका अतिक्रमण जैनधर्ममा बडो प्रभावकारी छन् । क्षेत्र, वस्तु, हिरण्य-सुवर्ण, धन्य धान्य, दास-दासी सीमाकरणको

शिक्षा रहेको छ। वेदमा 'तेन व्यक्तेन भुँजीथः' त्याग भावले साधनहरूको उपयोगको कुरा गरिएको छ। वस्तुतः परिग्रह पनि र अपरिग्रह पनि एउटा भावना हो। सम्पत्तिशाली पनि यदि आफ्नो सम्पत्तिको ट्रष्टी बनेर बस्छ भने ऊ अपरिग्रह हो। अकिंचन भएर पनि लोभ-लालचबाट किचिएको छ भने ऊ आफूसँग केही नभएर पनि परिग्रही ठहरिन्छ। परिग्रही तृष्णा र लोभ हो। अपरिग्रह सन्तोष र त्यागको वृत्ति हो।

अपरिग्रह व्यक्तिगत नैतिक सद्‌गुणमात्र नभएर सामाजिक आधार पनि हो। सामाजिक विषमतामा कलह, झै-झगडा हुन्छ। 'सर्व भूमि गोपालका' भनी 'तेन व्यक्तेन भुँजीथः' त्याग भावनाले उपभोग गर्ने विचार ऋषिहरूले दिएका छन्। जनक राजाले पूर्ण अनाशक्त भएर राजकाज सम्हालेका थिए। उनलाई विदेह भनिन्छ। अनाशक्तभाव समाजवाद हो, समाज व्यवस्था हो, जीवन पद्धति हो। आजको एक्काईसौं शताब्दीको विश्वमा एक देश मात्र धनी भएर भएन। अरू गरिब मुलुकहरूतिर पनि हेर्नुपर्छ भन्ने विचारहरू आवाजहरू निस्किएका छन्। यसरी जैनधर्मको अपरिग्रह विचारले आजको विश्वलाई विश्वग्रामको धारणा लिएर सबैमा समविभाजन गर्नेतिर लम्किनुपर्नेतिर तानेको छ।

## पर्यावरण र जैन धर्म

यो विश्व सबैको हो। किटपतंगदेखि ह्वेल माछासम्म यसैमा बाँच्छन्। प्रकृतिको बडो दोहनले गर्दा मानव जीवनका लागि खतरा पैदा भएको छ। पृथ्वी मरूभूमिमा परिणत हुनेतिर लम्किरहेको छ। वन फँडानी, हिमतालहरू पग्लिने क्रम, तापक्रमको बढ्दो स्थिति, ओजनमा प्वाल पर्ने क्रम सुरू आदिले गर्दा आजको विश्वमा पर्यावरणप्रति जागरूकता बढ्न थालेको छ। वनस्पतिलगायत पृथ्वीका सबै जीवहरू प्राणीहरूप्रति सुरक्षाका उपक्रमहरू चालिएका छन्। जैन धर्ममा पर्यावरण संरक्षणको शिक्षा दिइएको छ।

## अन्तर्राष्ट्रिय समस्याहरू र जैन धर्म

आज विज्ञानको विकासले मानिसलाई जाति, धर्म र राष्ट्रहरूको सीमाभन्दा माथि उठाएर अन्तर्राष्ट्रिय समस्याहरूमाथि सोच्नका लागि बाध्य बनाइएको छ।